आज मिति २०६६ साल श्रावण २० गते शुक्रबारका दिन बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्याल ज्यु को अध्यक्षतामा ५९ औं बैठक बसी तपसिल बमोजिम उपस्थितिमा तपसिल बमोजिम छलफल एवं निर्णयहरु गरीयो ।

उपस्थिती :-

१. प्रमुख श्री गुमान सिंह अर्याल
२. उप प्रमुख श्री लक्ष्मी देवि अधिकारी
३. वडा अध्यक्ष वडा नं १ श्री बलराम श्रेष्ठ
४. " " " २ श्री गणेश बहादुर कँडेल
५. " " " ३ श्री सुर्य कुमार श्रेष्ठ
६. " " " ४ श्री लालविर गुरुङ
७. " " " ५ श्री बम बहादुर गुरुङ
८. " " " ६ श्री भोज बहादुर रिमाल
९. " " " ७ श्री गोविन्द बहादुर बस्नेत
१०. " " " ८ श्री पवित्रा थापा राना
११. " " " ९ श्री शरद बराल
१२. " " " १० श्री पूर्ण बहादुर थापा
१३. " " " ११ श्री अच्युत बाबु बगाले
१४. कार्य पालिका सदस्य श्री विष्णु माया राना
अनुपस्थित १५. " " " श्री मन्दिरा दनाई
१६. " " " श्री देव बहादुर गहतराज
१७. " " " श्री अजय मजाकोटी
अनुपस्थित १८. " " " श्री मनमाया गुरुङ
१९. " " " श्री दोज बहादुर खवास
२०. " " " श्री कृष्ण नेपाली
२१. " " " श्री आशा तामाङ
२२. सदस्य सचिव श्री किशानराज चिलुवाल

सहजकर्ता कर्मचारी

२३. कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
२४. अधिकृत श्री विमला गैह्रे

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०४/३० गतेको बैठक

## निर्णयहरु

**निर्णय नं. १ : वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा ।**

आ.व. २०७७।०७८ को लागि बेसीशहर नगरपालिका क्षेत्रभित्रका नदी, खोलाहरुमा रहेका गिटी,वालुवा,ग्राभेल लगायतका नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्रीको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) गराउनु पर्ने सम्बन्धमा विश्वमा फैलिएको कोरोना भाइरस (कोभिड १९) का कारण मुलुक २०७६ चैत्र महिनाबाटै लकडाउनको अवस्थामा रहेकोले नगर कार्यपालिका बैठकको निर्णयानुसार गठित अनुगमन टोलीको अनुगमन प्रतिवेदन समेतका आधारमा ठेक्का लगाइएको व्यहोरालाई समर्थन गर्ने साथै आगामी आर्थिक वर्ष २०७८।०७९ को लागि समयमै प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ : प्राकृतिक श्रोत उपयोग करको बोलपत्र मूल्याङ्कन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्रका नदी, खोला तथा खोल्सीहरुमा भएका नदीजन्य पदार्थ गिटी, वालुवा, ग्राभेल उत्खनन्, संकलन तथा विक्री सम्बन्धी कार्यालयबाट प्रकाशित सूचना अनुसार पर्न आएका दरभाउ पत्रहरुको सम्बन्धमा स्वीकृतिका लागि बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सोही अनुसार सदर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : पुनः सूचना प्रकाशन गर्ने सम्बन्धमा**

चालु आवमा प्राकृतिक श्रोत उपयोग करको लागि बेसीशहर नगर कार्यपालिकाको कार्यालयको मिति २०७७।०३।२१ को सूचना अनुसार कुनै पनि दरभाउ पत्र पर्न नआएका तपसिल बमोजिमका ठेक्काहरुलाई पुनः ७ दिने सूचना प्रकाशन गरी प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | उत्खनन् गरिने घाटको नाम तथा स्थान | वडा नं. | न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ २०७७।७८ | वोहोराबेसी देवीस्थान तातोपानी घाट (प्रस्तावित औधोगिक ग्राम माथि) | २ | ५०,००० ।०० (पचास हजार) | |
| २ | ७ २०७७।७८ | नाल्मा मिदिमखोला घाट (पुलदेखि हाइड्रो पावरसम्म) | ५ | १,५०,००० ।०० (एक लाख पचास हजार) | |
| ३ | १३ २०७७।७८ | बाँफाखेत भोटेफाँट घाट (बाँफाखेत मोटरेवल पुलदेखि भाचोक खोला दोभानसम्म) | १० | २,५०,००० ।०० (दुई लाख पचास हजारण | |
| ४ | १५ २०७७।७८ | लेतेगंगा डिल (तालखोलादेखि बेलौती विसौना झोपुसम्म) | १० | ७५,००० ।०० (पत्रहत्तर हजार) | |

**निर्णय नं. ४ : नीजि जग्गाको प्राकृतिक श्रोत उपयोग कर सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यक्तिको नीजि जग्गामा रहेका प्राकृतिक श्रोत (ढुंगा, गिटी, वालुवा, ग्राभेल आदि) हरु अनाधिकृत रुपमा सम्बन्धित जग्गाधनीले विक्री वितरण गरेको पाइएकोले संघीय

मामिला तथा सामान्य प्रशासन मन्त्रालयको "ढुंगा, गिटी, वालुवा उत्खनन्, विक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड २०७७" तथा "बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको ब्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधी, २०७४" को दफा ५.५ को अधिनमा रही प्राविधिक इष्टिमेट समेतका आधारमा कार्यालयले निर्धारण गरेको दररेट अनुसारको राजश्व यस कार्यालयमा दाखिला गरेपश्चात निजसँग सम्झौता गरी विक्री वितरणको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : क्वारेन्टाइनको निर्माण र खर्च व्यवस्थापन सम्बन्धमा**

जिल्ला विपद् व्यवस्थापन समिति लमजुङले कोरोना नियन्त्रणको लागि हालसम्म सञ्चालन गरेको क्वारेन्टाइन तथा आइसोलेसन कक्षको सञ्चालन तथा व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिने निर्णय गरेको सन्दर्भमा बेसीशहर नगरपालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकहरु (विभिन्न संघसंस्थाले बोलाएका बाहेक) बाहिरबाट आई यदि क्वारेन्टाइन तथा आइसोलेसनमा राख्नु पर्ने भएमा निजहरुलाई बेसीशहर स्थित होटल टुकुचे समेतमा प्रतिव्यक्ति प्रतिदिन रु ८५०।- नगरपालिकाले व्यहोर्ने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : राहत वितरण गरिएको सम्बन्धमा ।**

चालु वर्षा याममा परेको अविरल बर्षाको कारणले बाढी पहिरोबाट विभिन्न व्यक्तिहरुको घरजग्गा क्षति भएको सम्बन्धमा गत कार्यपालिका बैठकको राहत वितरण सम्बन्धी मापदण्ड समेतका आधारमा विभिन्न ४१ जना व्यक्तिहरुलाई तथा मर्स्याङ्दी गाउँपालिका र मध्यनेपाल नगरपालिकाका बाढी पहिरो पीडितहरुलाई प्रदान गरिएको १/१ लाख समेत गरी वितरण गरिएको कुल रकम रु ५ लाख ५३ हजार लाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : बेसीशहर नगरपालिका प्रवशेद्वार सम्पन्न गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १ उदीपुरमा गत आव २०७६/०७६ मा निर्माणकार्य शुरु गरिएको नगरपालिका प्रवेशद्वार गेट चालु आवको प्रथम चौमासिक अवधी भित्रै सम्पन्न गर्ने सन्दर्भमा गजूर स्थापना, बुट्टा भर्ने कार्य र बाँकी निर्माण कार्यसमेतको लागि कुल रकम रु ७ लाख ५५ हजार फुटकर शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

बेसीशहर नगरपालिकामा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको म्यादथप सम्बन्धमा छलफल हुँदा इन्जियिनरद्वय शर्मिला श्रेष्ठ र मिलन कमली बाहेक अस्थायी तथा करार सेवामा कार्यरत सवै (अनुसूचीमा संलग्न) कर्मचारीहरुको म्याद २०७७ भाद्र १ गतेदेखि लागु हुने गरी २०७७ पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : जनप्रतिनिधिहरुको सुविधाको बजेट व्यवस्थापन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको २०७७ असार १९ मा सम्पन्न सातौं नगरसभाबाट पारित बजेट वमोजिम चालु खर्च शिर्षकमा जनप्रतिनिधिहरुको सुविधा शिर्षकमा जम्मा रु १ करोड विनियोजन गरिएको र गण्डकी प्रदेश सरकारले मिति २०७७/०३/२६ मा राजपत्रमा प्रकाशित गरेको ***"गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७६"*** अनुसार सुविधा उपलब्ध गराउँदा विनियोजित रकम अपर्याप्त हुने भएकोले आगामी नगरसभाबाट अनुमोदन समेत गर्ने गरी सो शिर्षकमा रु २ करोड ५० लाख विनियोजन गर्ने र अपुग रकम १ करोड ५० लाख आन्तरिक श्रोतमा थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : नगरप्रमुखको स्वकीय सचिव सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकारले मिति २०७७/०३/२६ मा राजपत्रमा प्रकाशित गरेको "गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७६" को दफा ११ को उपदफा २ वमोजिम बेसीशहर नगरपालिकाको साविक परामर्शदाता पदमा कार्यरत श्री दूध प्रसाद घलेलाई मिति २०७७ साउन १ गतेबाट लागु हुने गरी नगरप्रमुखको स्वकीय सचिवमा नियुक्त गरी नगरप्रमुखको सचिवालयमा खटाउने निर्णय गरियो ।

**निर्णय नं. ११ : निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकामा घ बर्गको निर्माण व्यसायी इजाजतपत्रको लागि प्राप्त भएका निवेदन सम्बन्धमा न्यूनतम योग्यता पुगेका देहायका निर्माण व्यवसायी फर्म/कम्पनीलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**देहाय :**

१. राजा कन्ट्रक्शन बेसीशहर नगरपालिका ७, प्रोपराइटर श्री राजाराम प्रधान
२. विनसरा निर्माण सेवा बेसीशहर नगरपालिका २, प्रोपराइटर श्री सुमन राना

**निर्णय नं. १२ : मानव सेवा आश्रमको लागि रजिष्ट्रेशन शुल्क मिनाहा सम्बन्धमा ।**

सडक आश्रित मानवहरुको उद्धार, उपचार, परामर्श र पारिवारिक पुनर्मिलनमा सहयोग गर्ने उद्देश्यले यस बेसीशहर नगरपालिका ७ मा २०६९ सालदेखि सञ्चालन हुँदै आएको मानव सेवा आश्रमले आफ्नो भवन निर्माणको लागि बालसपना समाज लमजुङबाट ५ (पाँच) रोपनी जग्गा खरीद गर्न लागेको र सो संस्थाबाट रजिष्ट्रेशन मिनाह सम्बन्धमा नगरपालिकामा प्राप्त निवेदन समेतका आधारमा बेसाहारा, अशक्त, असहाय, अनाथ र अभिभावकविहीन मावनजीवनको रक्षा गर्ने पवित्र उद्देश्यका साथ कार्यरत सो संस्थाले जग्गा खरीद गरेवापत तिर्नु पर्ने रजिष्ट्रेशन शुल्क मिनाह गरिदिने व्यवस्थाको लागि जिल्ला मालपोत कार्यालय लमजुङ मार्फत गण्डकी प्रदेश सरकार भूमि व्यवस्था तथा सहकारी मन्त्रालय पोखरालाई अनुरोध/सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : दररेट विश्लेषण स्वीकृत गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्र सार्वजनिक निर्माण, बस्तु तथा सेवाको दररेट निर्धारण सम्बन्धमा नगरपालिकास्तरीय दररेट निर्धारण समितिको सिफारिश समेतका आधारमा कार्यपालिका बैठकमा पेश भएको दररेट तथा दररेट विश्लेषणलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ : योजना म्यादथपको लागि सिफारिश गर्ने सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट गत आव २०७६/०७६ मा यस बेसीशहर नगरपालिका वडा नं ३ गाउँशहर स्थित लमजुङ दरबार क्षेत्रमा सञ्चालन भएका देहायका योजनाहरु म्याद थप गरिदिने व्यवस्थाको लागि उक्त मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**देहाय :**

१. लमजुङ दरबार प्रवेशद्वार निर्माण, बेसीशहर नगरपालिका ३ गाउँशहर
२. लमजुङ दरबारमा शौचालय निर्माण, बेसीशहर नगरपालिका ३ गाउँशहर
३. गाउँशहरदेखि दरबारसम्म सिंढी निर्माण, बेसीशहर नगरपालिका ३, गाउँशहर

## अनुसूची : निर्णय नं ८ वमोजिम म्याद थप गरिएका कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम थर | पद | श्रेणी/तह | कार्यरत स्थान |
|---|---|---|---|---|
| १ | मेघेन्द्र पोखरेल | कार्यक्रम अधिकृत | अधिकृतस्तर छैटौ | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २ | मुकेश कुँवर | सुचना प्रविधि अधिकृत | अधिकृतस्तर छैटौ | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| ३ | रेशम घिमिरे | कम्प्यूटर अप्रेटर | सहायक स्तर पाँचौ | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| ४ | रश्मी घिमिरे | अ.सव ईन्जिनियर | सहायक स्तर चौथो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| ५ | प्रतिमा पन्त | स.कम्प्यूटर अप्रेटर | सहायक स्तर चौथो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| ६ | अमर वहादुर वस्नेत | हल्का सवारी चालक | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| ७ | रामकृष्ण सेढाई | हल्का सवारी चालक | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| ८ | राजुमान गुभाजु | हेभि सवारी चालक | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| ९ | तिलक राना मगर | हेभि सवारी चालक | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| १० | नारायण थापा | अग्नी नियन्त्रक | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| ११ | सिताराम पोखेल | का. सहयोगी | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| १२ | राजेश वराल | का. सहयोगी | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| १३ | मनमाया थापा | का. सहयोगी | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| १४ | ननसुवा गुरुङ | का. सहयोगी | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| १५ | रोशनी अर्याल | का. सहयोगी | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| १६ | कृपा श्रेष्ठ | का. सहयोगी | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| १७ | यम बहादुर अधिकारी | नगर प्रहरि स.निरिक्षक | सहायकस्तर चौथो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| १८ | राजु सेढाई | नगर प्रहरि हवल्दार | सहायकस्तर तेस्रो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| १९ | नेत्र बहादुर अधिकारी | नगर प्रहरी जवान | सहायकस्तर दोस्रो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २० | सुनिता वि.क. | नगर प्रहरी जवान | सहायकस्तर दोस्रो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २१ | ईश्वर अधिकारी | नगर प्रहरी जवान | सहायकस्तर दोस्रो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २२ | गोमा अर्याल | नगर प्रहरी जवान | सहायकस्तर दोस्रो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २३ | अंकिला के.सी. | नगर प्रहरी जवान | सहायकस्तर दोस्रो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २४ | पुतम गुरुङ | नगर प्रहरी जवान | सहायकस्तर दोस्रो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २५ | नारायण वि.क. | नगर प्रहरी जवान | सहायकस्तर दोस्रो | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २६ | सुनिता थापा मगर | कार्यालय सहयोगी | श्रेणिविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २७ | महेन्द्र थापा | कार्यालय सहायोगी | श्रेणींविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २८ | शिव कुमार श्रेष्ठ | एम्वुलेन्स चालक | श्रेणींविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| २९ | रामलाल श्रेष्ठ | इलेक्टिसियन | श्रेणींविहिन | बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ |
| ३० | चोक वहादुर गुरुङ | का. सहयोगी | श्रेणिविहिन | १ नं. वडा कार्यालय, उदीपुर |
| ३१ | रश्मिला केसी | स.क.अप्रेटर | सहायक स्तर चौथो | ३ नं. वडा कार्यालय, गाउँशहर |
| ३२ | कटक वहादुर वोहरा | का.सहयोगी | श्रेणिविहिन | ३ नं. वडा कार्यालय, गाउँशहर |
| ३३ | मिना गुरुङ | स.क.अप्रेटर | सहायक स्तर चौथो | ४ नं. वडा कार्यालय, पुरानोकोठ |
| ३४ | डम्मरजंग गुरुङ | का.स. | श्रेणिविहिन | ४ नं. वडा कार्यालय, पुरानोकोड |
| ३५ | नेत्र वहादुर वोहरा | स.क.अप्रेटर | सहायक स्तर चौथो | ५ नं. वडा कार्यालय, नाल्मा |
| ३६ | विमाया गुरुङ | का.सहयोगी | श्रेणिविहिन | ५ नं. वडा कार्यालय, नाल्मा |
| ३७ | खिना रिमाल | स.क.अप्रेटर | सहायक स्तर चौथो | ६ नं. वडा कार्यालय, चण्डिस्थान |
| ३८ | भुपाल सिंह रिमाल | का.सहयोगी | श्रेणिविहिन | ६ नं. वडा कार्यालय, चण्डिस्थान |

| | | | | |
|---|---|---|---|---|
| ३९. | प्रेम वहादुर वस्नेत | का.सहयोगी | श्रेणिविहिन | ७ नं. वडा कार्यालय, बेसीशहर |
| ४० | मैता गुरुङ | स.क.अप्रेटर | सहायक स्तर चौथो | ८ नं. वडा कार्यालय, बेसीशहर |
| ४१ | मञ्जु राना | का.सहयोगी | श्रेणिविहिन | ८ नं. वडा कार्यालय, बेसीशहर |
| ४२ | सुनिता घिमिरे ढकाल | स.क.अप्रेटर | सहायक स्तर चौथो | ९ नं. वडा कार्यालय, बेसीशहर |
| ४३ | रिना गुरुङ | का.सहयोगी | श्रेणिविहिन | १० नं. वडा कार्यालय, बाझाखेत |
| ४४ | शंकर पाण्डे | का.सहायक | सहायकस्तर तेस्रो | ११ नं. वडा कार्यालय, चिति |
| ४५ | भुवानी शंकर रेग्मी | का.सहयोगी | श्रेणिविहिन | ११ नं. वडा कार्यालय, चिति |
| ४६ | उमा गुरुङ | स.कम्प्युटर अपरेटर | सहायक चौथो | बेसीसहर नगरपालिका |
| ४७ | कौशिला रिमाल | अ.न.मी | सहायक चौथो | वेसीसहर नगरपालिका |
| ४८ | अमृता अछामी हिमाली | अ.हे.व | सहायक चौथो | राक्सेस्थान शहरी स्वास्थ्य केन्द्र गाउशहर |
| ४९ | अप्सरा अछामी | अ.न.मी | सहायक चौथो | राक्सेस्थान शहरी स्वास्थ्य केन्द्र गाउशहर |
| ५० | गोमा घिमिरे वोहरा | का.स | श्रेणी विहीन | राक्सेस्थान शहरी स्वास्थ्य केन्द्र गाउशहर |
| ५१ | ज्योति जोशी | अ.न.मी | सहायक चौथो | बरवोट शहरी स्वास्थ्य केन्द्र चितिथला |
| ५२ | सिता नेपाली | का.स | श्रेणी विहीन | बरवोट शहरी स्वास्थ्य केन्द्र चितिथला |
| ५३ | वेन्जना वस्नेत | अ.हे.व | सहायक चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बेसीशहर |
| ५४ | अनिसा वोहरा | अ.न.मी | सहायक चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बेसीशहर |
| ५५ | उमा गुरुङ | का.स | श्रेणी विहीन | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बेसीशहर |
| ५६ | चन्दु भण्डारी | अ.हे.व | सहायक चौथो | भकुण्डे शहरी स्वास्थ्य केन्द्र गाउशहर |
| ५७ | सुस्मिता खड्का | अ.न.मी | सहायक चौथो | भकुण्डे शहरी स्वास्थ्य केन्द्र गाउशहर |
| ५८ | पार्वती रावल राई | का.स | श्रेणी विहीन | भकुण्डे शहरी स्वास्थ्य केन्द्र गाउशहर |
| ५९ | सोम माया घले | अ.हे.व | सहायक चौथो | नाल्मा स्वास्थ्य चौकी |
| ६० | सुस्मिता थापा | अ.न.मी | सहायक चौथो | नाल्मा स्वास्थ्य चौकी |
| ६१ | प्रेम वहादुर गुरुङ | का.स | श्रेणी विहीन | नाल्मा स्वास्थ्य चौकी |
| ६२ | सपना गुरुङ | अ.न.मी | सहायक चौथो | पुरनोकोट स्वास्थ्य चौकी |
| ६३ | संगिता गुरुङ | का.स | श्रेणी विहीन | पुरनोकोट स्वास्थ्य चौकी |
| ६४ | रमा कडरिया | अ.न.मी | सहायक चौथो | चितिथला स्वास्थ्य चौकी |
| ६५ | सविना वस्नेत | अ.न.मी | सहायक चौथो | चितिथला स्वास्थ्य चौकी |
| ६६ | सावित्रा सेडाइ | ल्या.टे | सहायक चौथो | चितिथला स्वास्थ्य चौकी |
| ६७ | रिना कुमारी श्रेष्ठ | अ.न.मी | सहायक चौथो | उदिपुर स्वास्थ्य चौकी |
| ६८ | लक्ष्मि रिमाल | का.स | श्रेणी विहीन | चण्डीस्थान स्वास्थ्य चौकी |
| ६९ | मेख वहादुर गुरुङ | का.स | श्रेणी विहीन | गाउंशहर स्वास्थ्य चौकी |
| ७० | जमुना सुनार | अ.हे.व | सहायक चौथो | धुरपुरे शहरी स्वास्थ्य केन्द्र वेसीशहर ९ |
| ७१ | अनिता कार्की रावल | अ.न.मी | सहायक चौथो | धुरपुरे शहरी स्वास्थ्य केन्द्र वेसीशहर ९ |
| ७२ | सत्य दवी दनाइ भण्डारी | का.स | श्रेणी विहीन | धुरपुरे शहरी स्वास्थ्य केन्द्र वेसीशहर ९ |